## सार्वजनिक स्थानमा शुद्ध खानेपानी प्लान्ट जडान र हस्तान्तरण सम्वन्धी मार्गदर्शन, २०८२

<u>प्रस्तावना</u>: प्रदेशभित्र सार्वजनिक स्थानमा शुद्ध खानेपानी प्लान्ट जडान गरी सहज रूपमा शुद्ध खानेपानी आपूर्ति गर्न र जडित प्लान्टलाई हस्तान्तरण गर्ने कार्यलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयले यो मार्गदर्शन तर्जुमा गरेको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस मार्गदर्शनको नाम "सार्वजनिक स्थानमा शुद्ध खानेपानी प्लान्ट जडान र हस्तान्तरणसम्वन्धी मार्गदर्शन, २०८२" रहेको छ ।

(२) यो मार्गदर्शन मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२ .<u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "डिभिजन" भन्नाले सार्वजनिक निकाय रहेको जिल्लाको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय संझनुपर्छ।

(ख) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनुपर्छ ।

(ग) "प्लान्ट जडान" भन्नाले शुद्ध खानेपानी प्रणाली जडान सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको खानेपानी सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई बुझाउँछ।

(ङ) "मार्गदर्शन" भन्नाले सार्वजनिक स्थानमा शुद्ध खानेपानी प्लान्ट जडान र हस्तान्तरणसम्वन्धी मार्गदर्शन, २०८२" सम्झनुपर्छ ।

(च) "सार्वजनिक स्थान वा निकाय" भन्नाले सरकारी विद्यालय, सरकारी विश्वविद्यालय वा अन्तर्गतका क्याम्पस, सरकारी अस्पताल, धार्मिक स्थल, अनाथलय, वृद्धाआश्रम, सुधारकेन्द्र, कारागार, सरकारी निकाय आदिलाई जनाउँछ।

(छ) "स्थानीय तह" भन्नाले यस प्रदेशभित्र रहेका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका वा गाउँपालिकालाई सम्झनुपर्छ ।

कोशी प्रदेश सरकार, खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

## परिच्छेद -२
## वित्तीय व्यवस्थापन सम्वन्धी व्यवस्था

३. कार्यक्रम कार्यान्वयन तथा बजेट व्यवस्थाः (१) प्लान्ट जडान कार्यमा मन्त्रालयको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विनियोजन भएको बजेट रकम खर्च गरिने छ ।

(२) प्लान्ट जडान कार्यक्रमको कार्यान्वयन मन्त्रालयको पूर्ण अनुदानमा सम्पन्न गरिनेछ।

(३) मन्त्रालयले प्लान्ट निर्माणका लागि आवश्यक पर्ने मेसिनरी उपकरणको लागतमात्र व्यहोर्ने छ ।

(४) उपदफा (३) बमोजिमको लागत बेहोर्ने संरचनाहरूको खरिद विद्युतीय बोलपत्र मार्फत सम्पन्न गर्नुपर्नेछ।

## परिच्छेद -३
## प्लान्ट जडान प्रणालीसम्बन्धी व्यवस्था

४. प्लान्ट जडान गर्नु पर्ने: (१) मन्त्रालयले जडान गर्ने प्रणाली देहायबमोजिम हुनेछः-

क. RO Filter जडान,

ख. तातो, नर्मल र चिसो पानीको धारा जडान।

५. पानीको व्यवस्थापन गर्नु पर्ने: सम्बन्धित सार्वजनिक निकायले प्लान्ट जडान प्रयोजनार्थ आवश्यक पानीको व्यवस्थापन गर्नु पर्नेछ।

६. प्लेटफर्म र पानी टयाङ्की निर्माण गर्नुपर्ने: छनौट भएका सार्वजनिक स्थानमा सम्वन्धित सार्वजनिक निकायले RO Filter राख्ने प्लेटफर्म र पानी टयाङ्कीसमेत जडान गर्नु पर्नेछ।

## परिच्छेद -४
## माग संकलन गर्ने प्रक्रिया

७. माँग सङ्कलन गर्ने: (१) मन्त्रालयले दफा ४ बमोजिमको प्लान्ट जडानको माग संकलनको लागि कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ। सो सार्वजनिक सूचना मन्त्रालयले आफ्नो वेवसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) को बमोजिम ईच्छुक सार्वजनिक निकायले प्लान्ट जडानको लागि मन्त्रालय वा सम्वन्धित डिभिजनमा माग गर्न सक्नेछ ।

(३) उपदफा (३) बमोजिम प्राप्त निवेदनलाई यथाशिघ्र मन्त्रालयमा पठाउनु सम्बन्धित डिभिजनको कर्तव्य हुनेछ।

८. दरखास्त पेश गर्नुपर्ने: यस मार्गदर्शन बमोजिम ईच्छुक सार्वजनिक निकायले दफा ७ बमोजिम मन्त्रालयमा आवेदन गर्दा दफा १० बमोजिमका आधार खुल्ने कागजात संलग्न गर्नु पर्नेछ।

कोशी प्रदेश सरकार
खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

## परिच्छेद -५

### छनौट समिति सम्बन्धी व्यवस्था

९. **छनौट समिति:** (१) दफा ७ र ८ बमोजिम रीतपूर्वकको दरखास्त प्राप्त भएपछि सार्वजनिक स्थान वा निकाय छनौट गर्नका लागि देहाय बमोजिमको समिति हुनेछः-

क. खानेपानी तथा सरसफाई महाशाखा प्रमुख - संयोजक
ख. इन्जिनियर, मन्त्रालय - सदस्य
ग. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
घ. कानून अधिकृत - सदस्य
ङ. सम्बन्धित शाखाको प्राविधिक - सदस्य सचिव

(२) समितिको वैठकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद -६

### छनौटका आधार तथा मापदण्ड

१०. **मापदण्ड पुगेको हुनु पर्ने:** (१) यस मार्गदर्शन बमोजिम ईच्छुक सार्वजनिक निकायले प्लान्ट जडान प्रयोजनार्थ देहायको आधार/मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) सार्वजनिक आवत जावत (Public Flow) को दर बढी हुनु पर्ने,
(ख) प्लान्ट जडान स्थलमा पर्याप्त पानीको स्रोत सुनिश्चितता हुनु पर्ने,
(ग) सरसफाई तथा पानीको निकासको लागी उचित प्रबन्ध गरिएको हुनुपर्ने,
(घ) प्रस्तावित निर्माण क्षेत्रमा प्रज्वलनशील पदार्थको वितरण र भण्डारण क्षेत्रवाट कम्तीमा १० मिटर टाढा हुनुपर्ने,
(ङ) प्लान्ट जडानको लागि आवश्यक पर्ने स्थान उपलब्ध भएको हुनुपर्ने,
(च) प्रस्तावित स्थलमा आम सर्वसाधारणको निर्बाध पहुँच सुनिश्चित हुनु पर्ने।
(छ) प्रस्तावित निर्माण क्षेत्र प्राकृतिक प्रकोपजन्य खतराबाट-मुक्त रहेको हुनु पर्नेछ।

(२) मन्त्रालयको प्राविधिक टोलीले उपदफा (१) बमोजिमको मापदण्ड पुगे नपुगेको स्थानको सम्बन्धित डिभिजनको समन्वय र सहयोगमा स्थलगत भ्रमण गरी दफा ९ बमोजिमको समितिलाई सिफारिस गर्न सक्नेछ।

(३) छनोट समितिले उपदफा (१) बमोजिम प्राप्त सिफारिसको आधारमा दपदफा (१) बमोजिम मापदण्ड/आधारहरु समेतलाई अध्ययन गरी मन्त्रालयमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ।

(४) माग अनुसारको परिणाममा छनौट गर्न नसकिएमा आवश्यकता र औचित्यता आधारमा एउटा स्थानीय तहमा बढीमा दुई वटा सार्वजनिक निकाय छनौट गरिनेछ।

(५) संकलित माग अनुसार वितरण गर्न नसकेमा आगामी आर्थिक वर्षमा सम्बोधन हुनेछ।

कोशी प्रदेश सरकार
खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

## परिच्छेद - ७

## अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

११. **मन्त्रालयले अनुगमन गर्ने:** प्लान्ट जडान संरचना निर्माण सम्पन्न भएपछि मन्त्रालयको प्रतिनिधि र सम्बन्धित डिभिजनले प्लान्ट जडान प्रणालीको स्थलगत अनुगमन गर्नेछ ।

१२. **मर्मत संभार गर्नु पर्ने:** (१) जडान गरिएको प्लान्टमा उपकरणीय तथा प्राविधिक समस्या सिर्जना भई मर्मत संभार गर्नु पर्ने भएमा सो को दायित्व सम्झौताका शर्त बमोजिम वारेन्टी अवधिभर निर्माणकर्ता/जडानकर्ताको हुनेछ।

(२) वारेन्टी पश्चात प्लान्ट प्रणालीमा वा प्लान्टमा क्षति भएमा त्यसको मर्मत संभार सम्बन्धित सार्वजनिक निकायले गर्नु पर्नेछ।

१३. **महशुल तिर्नु पर्ने:** प्लान्ट जडान सञ्चालन गर्दा लाग्ने विद्युत र पानीको महशुल सम्बन्धित सार्वजनिक निकायले बेहोर्नु पर्नेछ।

## परिच्छेद - ८

## विविध

१४. **हस्तान्तरण गरिने:** (१) प्लान्ट जडान कार्य सम्पन्न भएपश्चात सो प्लान्ट प्रणाली सम्बन्धित सार्वजनिक निकायमा विद्युतीय सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मार्फत हस्तान्तरण गरिनेछ।

(२) सम्बन्धित सार्वजनिक निकायले हस्तान्तरणको जानकारी सम्बन्धित डिभिजनलाई समेत दिनु पर्नेछ।

१५. **फिर्ता लिन सक्ने:** (१) दफा १४ बमोजिम हस्तान्तरण भएको प्लान्ट सम्वन्धित सार्वजनिक निकायले सञ्चालन नगरे वा प्रयोगमा नल्याएमा मन्त्रालयले सो जडित प्लान्ट फिर्ता लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ता लिएर प्लान्ट मन्त्रालयले अन्य आवश्यक स्थानमा जडान गरी हस्तान्तरण गर्न सक्नेछ।

१६. **समन्वय गर्नु पर्ने:** प्लान्ट जडान कार्यमा सम्बन्धित डिभिजनले आवश्यक समन्वय र प्राविधिक सहयोग गर्नेछ।

१७. **कार्यक्रमको संचालन तथा सदुपयोग गर्नुपर्ने:** जडान गरिएको प्लान्टको सञ्चालन तथा उपयोग सम्बन्धित सार्वजनिक निकायले गर्नुपर्ने छ ।

१८. **प्रचलित कानून बमोजिम हुने:** यस मार्गदर्शनमा उल्लेखित विषयहरू यसै मार्गदर्शनबमोजिम र उल्लेख नभएका विषयको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. **संशोधन गर्न सक्ने :** मन्त्रालयले आवश्यकता अनुसार मार्गदर्शनको व्यवस्था प्रतिकूल नहुने गरी संशोधन गर्न सक्नेछ ।

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव